अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

पथरी शनिश्चरे नगरपालिका

# स्थानीय राजपत्र

खण्ड. ३ संख्याः ५ मितिः २०७६/०९/२३

भाग २

## नगर प्रहरीको नियूक्ति तथा संचालन कार्यविधि, २०७६

कार्यपालिकाद्वारा स्वीकृत मितिः२०७६/०९/२३

Scanned with CamScanner

# नगर प्रहरीको नियूक्ति तथा संचालन कार्यविधी, २०७६

**प्रस्तावना:** नेपालको संविधान, २०७२ को धारा २२६ अनुसुची ८ र तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को देहाय (क) को अधिकार प्रयोगगरि प्रतिस्पर्धाको आधारमा सेवा करारमा नगर प्रहरीको नियुक्तिगरी नगरपालिकाको कार्यहरुमा सहयोग पुऱ्याउन पथरीशनिश्चरे नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "नगर प्रहरीको नियूक्ति तथ संचालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि नगर राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२) **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) "प्रमुख" भन्नाले पथरीशनिश्चरे नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

(२) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन सम्बन्धि ऐन, २०७४" सम्झनु पर्दछ।

(३) "कार्यविधि" भन्नाले पथरीशनिश्चरे नगरपालिकाको नगर प्रहरी कार्यविधी सम्झनु पर्दछ।

(४) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(५) "नगर प्रहरी" भन्नाले कार्यविधि बमोजिम सेवा करारमा नियुक्त भएका नगर प्रहरीलाई सम्झनु पर्दछ।

(६) "समिति" भन्नाले पदपूर्ती समितिलाई सम्झनुपर्दछ।

(७) "नगरपालिका" भन्नाले पथरीशनिश्चरे नगरपालिकालाई बुझ्नुपर्दछ।

(८) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(९) "नगर सभा" भन्नाले नगरपालिकाको सभा सम्झनु पर्दछ।

(१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

(११) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नगर कार्यपीलकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

२०७६।५।१२

Scanned with CamScanner

(३) **कार्यविधीको व्याख्या नगर कार्यपालिकाले गर्ने :**

(क) यस कार्यविधि कार्यन्वयनका सम्बन्धमा कार्यपालिकाले गर्ने ब्याख्या आधिकारीका र अन्तिम हुनेछ ।

खं) कुनै अधिकारीले यस कार्यविधीको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

ग) कार्यविधि ३ (क) को सम्वन्धमा नगरपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

(४) **नगर प्रहरी सेवाको गठन :** (क) नगरपालिकामा एक नगर प्रहरी सेवा समुह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

ख. बहालवाला नगर प्रहरीको हकमा यस कार्यविधी अर्न्तगत नगर प्रहरी अधिकृत बाहेकको पदमा स्वत नियूक्त भएको मानिनेछ ।

(५) **नगरपालिकामा रहने नगर प्रहरीको पद र तह :** १) कार्यालयले देहायको नगर प्रहरी पदहरुमा अवधि तोकी यस कार्यविधी बमोजिम करारमा नियूक्त गर्न सक्नेछ ।

(क) सहायक नगर प्रहरी निरिक्षक

(ख) नगर प्रहरी हवल्दार

(ग) नगर प्रहरी जवान

(२) **योग्यता:** (१) **सहायक नगर प्रहरी निरिक्षकका लागी**

क. नेपाली नागरिक भएको

ख. मान्यता प्राप्त शैक्षिक संस्थावाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको

ग. उमेर १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको वा पुर्व जनपथ र शसस्त्र प्रहरी वा नेपाली सेनावाट अवकाश प्राप्तहरुको हकमा आवेदन गरेको मितीमा ४० वर्ष ननाघेको ।

घ. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

ड. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण-पत्र ।

च. सम्बन्धित ईलाका प्रहरी कार्याल्यवाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

छ. पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

Scanned with CamScanner

(ख) नगर प्रहरी हवल्दारका लागी

क. नेपाली नागरिक भएको ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थावाट SEE तह वा सो सरह उत्तीर्ण गरेको ।

ग. उमेर १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको वा पुर्व जनपथ र शसस्त्र प्रहरी वा नेपाली सेनावाट अवकाश प्राप्तहरुको हकमा आवेदन गरेको मितीमा ४० वर्ष ननाघेको ।

घ. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

ङ. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण-पत्र ।

च. सम्बन्धित ईलाका प्रहरी कार्याल्यबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

छ. पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

(३) नगर प्रहरी जवानको लागि

क. नेपाली नागरिक भएको ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थावाट आधारभूत तह शिक्षा वा सो सरह उत्तीर्ण गरेको ।

ग. उमेर १८ वर्ष पुरा भई २३ वर्ष ननाघेको वा पुर्व जनपथ र शसस्त्र प्रहरी वा नेपाली सेनावाट अवकाश प्राप्तहरुको हकमा आवेदन गरेको मितीमा ४० वर्ष ननाघेको ।

घ. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

ङ. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण-पत्र ।

च. सम्बन्धित ईलाका प्रहरी कार्याल्यबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

छ. पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

(६) **नियुक्ति गर्ने अधिकारी** : पदपूर्ति समितिको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

(७) नगर प्रहरी करार सेवाको पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

(८) खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(क) महिला ३३ प्रतिशत

(ख) आदिबासी/जनजाति २७ प्रतिशत

(ग) मधेसी २५

Scanned with CamScanner

(घ) दलित १५ प्रतिशत

**स्पष्टीकरण:** (१) यस कार्यविधिको प्रयोजनको लागि महिला आदिवासी, जनजाती, मधेसी र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी /जनजाति, मधेसी र दलितलाई सम्झनु पर्छ ।

(२) उपबुँदा वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए वमोजिम हुनेछ । तर त्यसरी नतोकेसम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाति, मधेसी र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(३) बुँदा (११) वमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा देहायवमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ ।

(४) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको ।

(५) मधेसीका लागि राष्ट्रिय मधेसी आयोगबाट मधेसी भनी प्रमाणित भएको ।

(६) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको ।

(७) बुँदा (८) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घताक (फ्र्याक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(८) बुँदा (८) वमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

**(९) खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :** नगर पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :

(१) दरखास्त आब्हान भएको सालको वैशाख १ गते १८ वर्ष उमेर पुरा भई र २४ वर्ष ननाघेको ।

तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरीले सहायक निरिक्षक पदमा भाग लिन चाहेमा उमेर हद भन्दा बाहेक अन्य यस उप-बुँदामा ब्यवस्था भएका सवै योग्यता पुरा भएको हुनुपर्नेछ ।

(२) नगर प्रहरी सहायक निरीक्षक पदको लागि स्वीकृत विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण, नगर प्रहरी हवल्दार र नगर प्रहरी पदको एस.एल.सी वा सो सरह उतिर्ण गरेको ।

(३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

(५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

Scanned with CamScanner

(६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**(१०) पदपुर्ति समिती :** नगरपालिकाको नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष,

(ख) योजना तथा प्राविधिक विकास शाखा प्रमुख - सदस्य,

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(घ) नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा ईलाका प्रहरी कार्यालयको प्रतिनिधि लाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**(११) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यविधिको बुँदा ८ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्वद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मान्ने र आवश्यक्तानुसार पदपूर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिने छ ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्वन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) खुल्ला प्रतियोगिताद्धारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन राखी राष्ट्रियस्तरको पत्रीकामा सूचना प्रकासित गर्नु पर्नेछ ।

**(११) योग्यताक्रम सूची तयार गर्ने :**

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयारगरी पदपूर्ति समितिले नियुक्ति/सम्झौताका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

२०७५/५/२३

Scanned with CamScanner

(२) कार्यविधिको बुँदा १५(१) बमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति/सम्झौता गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्ति/सम्झौताको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र नगर कार्यपालिकाले नियुक्ति/सम्झौता पत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) कार्यविधिको बुँदा ११(१) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**(१२) जेष्ठताक्रम कायम गर्ने :** (१) नगर प्रहरी जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**(१३) परीक्षणकालमा राखिने :**(१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर कार्यपालिकाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ

(२) कार्यविधिको बुँदा १३(१) बमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नगर कार्यपालिकाको सिफारिसमा नियुक्ति/सम्झौता गर्ने अधिकारीले अवकाश दिनेछ ।

**(१४) नियुक्ति सदर :**

(१) कार्यविधिको बुँदा १३(१) बमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति/सम्झौता सदर गरिनेछ ।

(२) कार्यविधिको बुँदा १४ (१) बमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

## परिच्छेद - ३

## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**(१५) नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

(१) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने ।

(२) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने ।

(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

Scanned with CamScanner

(५) नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने ।

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने ।

(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा गर्ने ।

(८) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापनामा खटिने ।

(९) नगरभित्रका अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने ।

(१०) छाडा चौपायको पक्राउ गरी लिलाम गर्ने । लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापन गर्ने, गराउने ।

(११) नगर क्षेत्रभित्रका अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने

(१२) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई र हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(१३) नगर क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने ।

(१४) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून महाशाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने ।

(१५) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन सम्बन्धित शाखा मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१६) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(१७) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(१८) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(१९) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(२०)वडा समिति, टोल सुधार संस्था, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(२१) नगरको सुव्यवस्था कायम गर्ने, नगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(२२) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने

(२३) नगरपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।

(२४) विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।

(२५) नगरपालिकाले सञ्चालनगर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास जस्ता कार्यक्रम गरिने स्थलको सुरक्षा र संरक्षण गर्ने ।

(२६) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक जाँच गर्ने ।

(२७)होटल, रेष्टुरेन्ट, गेष्ट हाउसहरु गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२८)नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२९)नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका मेला बजारहरुको व्यवस्थापन गर्ने ।

(३०)अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरणहरु समेतको प्रयोगमा बन्देज लगाउने ।

(३१) नगरको बजार क्षेत्रमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(३२) नगरपालिका क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

Scanned with CamScanner

(३३) नगरको दमकल सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

(३४)प्राकृतिक विपत, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(३५) नगरपालिका मातहतका विभाग, शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३६) नगरपालिका अर्न्तगतका विभाग, शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समयभित्र उपलब्ध गराउने ।

(३७) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(३८)नगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद - ५
## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

(१६) **नगरपालिका प्रशासनको नियन्त्रण रहने :** नगर प्रहरीको आन्तरिक व्यवस्थाको कुरा प्रमुख प्रशासकीय अधिकृतले र अनुशासन, संचालन लगायत समस्तकार्यहरु नगर कार्यपालिका र कार्यापालिकाले तोकिदिएको अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष- रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(१७) **नगर प्रहरी प्रमुख मार्फत हुने :** नगरपालिकाले नगर प्रहरी संगठनसँग कार्यगत दायित्व, ब्यक्तिगत अनुशासन, आचरणका कार्यहरुका सम्वन्धमा लिखित स्पष्टीकरण र चेतावनी गर्दा नगर प्रहरी प्रमुखलाई विषयगत शाखा मार्फत र अन्य नगर प्रहरीलाई नगर प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ ।

(१८) **कारवाही गर्दा परामर्श लिने:** कुनै पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई कारवाही गर्दा नगर प्रहरी प्रमुखलाई प्रमुख प्रशासकिय अधिकृत र अन्य नगर प्रहरीलाई आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

## परिच्छेद - ६
## विदा

(१९) **विदा सम्बन्धि ब्यवस्था:**

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दावा गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी बिदा दिने अधिकारीले आफ्नो तजबीजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) बिदाको किसिमहरु : नगर प्रहरी कर्मचारीहरुले देहाय बमोजिमका बिदा पाउनेछन :

१) भैपरी आउने र पर्व बिदा

२) किरिया बिदा

३) प्रसुती बिदा

४) सट्टा बिदा

(५) प्रसुति स्याहार बिदा

(६) बिरामी बिदा

(२०) **बिदा स्वीकृत नगराई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने :** (१) यस कार्यविधि बमोजिम बिदा स्वीकृत नगराई बस्ने नगर प्रहरी कर्मचारी कार्यालयमा हाजिर हुन पाउने छैन ।

(२) कार्यविधि (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले सेवाबाट हटाउन सक्नेछ ।

तर विदाको निकास नहुँदै विदा बसेपछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन परि सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन ।

(२१) **भैपरी/पर्व विदा :** (१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउनेछ ।

(२) भैपरी/पर्व आउने विदा साधारणत : एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

(३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

(४) विदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले विदाको स्वीकृति लिई रहन नभ्याएमा विदा वसेपछि स्वीकृत गराएपनि हुन्छ ।

(५) भैपरी/पर्व विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता, राशन पाउनेछ ।

(६) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

(२५) **किरिया विदा :**

(१) नगर प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा त्यस्ता प्रहरी कर्मचारीको धर्म र जातिय संस्कार अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीले समेत त्यस्तो बिदा पाउने छ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(२६) **प्रसूती विदा :** (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

Scanned with CamScanner

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र पाउनेछ ।

(४) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृतगर्ने कार्यालयले अध्यावधिक जनाई राख्नु पर्नेछ ।

(२७) **प्रसूती स्याहार विदा :** (१) प्रसुति स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ ।

(२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध दिन प्रसूति स्याहार विदा लिन सक्नेछ । यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ ।

(३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक जनाई राख्नुपर्नेछ ।

(५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले बच्चाको जन्म दर्ता प्रमाण-पत्र वा सम्बन्धित अस्पतालको प्रमाण-पत्र पेशगर्नु पर्नेछ ।

(२८) **सट्टा विदा :** कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हुनेछैन । तर करार सेवामा नियूक्त नगर प्रहरी सेवाका कर्मचारीहरुको हकमा करारनामामा उल्लेख भए अनुसारको विदा मात्र पाउनेछ ।

(२९) **विरामी विदा :**(१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोट पटक लाग्नगई वा विराम भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्बन्धित चिकित्सकले कामगर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले वर्षको १२ दिन तलव, भत्ता र राशन सहित बिरामी बिदा पाउनेछ ।

(३०) **विदा दिने अधिकारी:** देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ : विदाको किसिम विदा स्वीकृत गर्ने अधिकारी

(१) भैपरी आउने र पर्व विदा - नगर प्रहरी प्रमुख
(२) किरिया विदा - प्रमुख प्रशासकीय अधिकृत
(३) प्रसुती विदा - प्रमुख प्रशासकीय अधिकृत
(४) सट्टा विदा - प्रमुख प्रशासकीय अधिकृत
(५) प्रसुति स्याहार विदा - प्रमुख प्रशासकीय अधिकृत
(६) विरामी विदा - प्रमुख प्रशासकीय अधिकृत

यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन भित्र प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

(३१) **विदा परिणत नहुने :** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

Scanned with CamScanner

(३२) **सार्वजनिक विदा गाभिने :** भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ ।

(३३) **कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

(३४) **विदा लिने विधि** :(१) यस परिच्छेदवमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारणभए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखा मार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ । विदा स्वीकृत भए नभएको सम्वन्धित शाखा प्रमुखले सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार गरि मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ ।

(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले उपनियम (१) वमोजिम दरखास्त नदिए पनि आफ्नो तज्वीजवाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ ।

(४) देहायमा लेखिएवमोजिमका कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले विदाको लागि दरखास्त परेको मितिभन्दा अगाडिदेखि पनि विदा वस्न पाउने गरी निवेदकलाई विदा दिन सक्नेछ ।

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन भने वा

(ख) पूर्व स्वीकृतिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने ।

तर विदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृत हुन गई त्यसको फलस्वरुप विदाको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीवाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

(३५) **विदाको अभिलेख :** विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ ।

(३६) **निकासा लिन नभ्याएमा :** कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्थापर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।

(३७) **गयल खाली जनाउने :** कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ नगरपालिका प्रशासन शाखामा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयलपरेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने

Scanned with CamScanner

अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले विदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

(३८) **झुठो कारण देखाएमा सजाय हुने :** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

(३९) **तालिम अवधिमा विदा वस्ने वारे :** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन।

## परिच्छेद ७
## आचरण

(४०) **दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैवाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु पाउने छैन ।

(४१) **चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

(४२) **सम्पत्तिको विवरण दिनुपर्ने :** (१) यस कार्यविधी बमोजिम नियुक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ ।

१. आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

२. आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

३. उपवुँदा १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(४३) **व्यापार व्यवसाय गर्न नहुने :** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन :

१. कुनै व्यापार गर्न

२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

३. कुनै व्यवसाय चलाउन ।

Scanned with CamScanner

(४४) **नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने :** नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा आफुले गर्ने कार्यको अख्तियारी नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

(४५) **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने :** नगर प्रहरी कर्मचारीले नगरपालिकाबाट अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

(४६) **नगरपालिकाको आलोचना :** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरवासीको शान्ति सु-ब्यवस्थामा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

(४७) **निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

(४८) **राजनीतिमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

(४९) **समय पालन र नियमितता :** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

(५०) **अनुशासन र आदेशको पालना :** (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य अनुशासन र तत्परताका साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्वन्धी कुरामा कार्यपालिका र आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई अनुशासितभई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले कार्यापालिका र आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदरभाव देखाउनुपर्नेछ ।

## परिच्छेद - ९
## सजाय र पुनरावेदन

(५१) **सजाय :** उचित र पर्याप्त सजाय गर्ने कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

(१) नसिहत दिने ।

(२) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

(३) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

(४) तल्लो तहमा घटुवा गर्ने ।

(५) लापरवाही पूर्ण कार्यबाट नगरपालिकालाई नोक्सानी भएमा नोक्शानीको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

(६) भविष्यमा स्थानीय निकायमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(७) भविष्यमा स्थानीय निकायमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(५२) **नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिंदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखि कार्यापालिकामा पेश गरिनेछ ।

(५३) **तलब वृद्धि वा पदोन्नति रोक्ने :** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा कार्यापालिकाले निजको तलव वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

(५४) **दर्जा र तलब घटाउने :** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा कार्यापालिकाको निर्णयले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपीलकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीनता गरेमा ।

(ग) आचरणसम्वन्धी विनियम उल्लंघन गरेमा ।

(घ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।

(ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

(५५) **नोकरीबाट हटाउने वा बर्खास्त गर्ने :** देहायका अवस्थामा कार्यापालिकाको निर्णले कुनैपनि नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा,

Scanned with CamScanner

(ग) पटक पटक अनुशासनहीनताको कार्य गरेमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा,

(ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दी लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा,

(च) भ्रष्टाचार गरेमा,

(छ) आफ्नो पदीय जिम्मेवारी अनुसार आचरण नगरेमा,

(ज) आचरण सम्वन्धी नियमहरु बारम्बार उल्लंघन गरेमा,

(झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैर-हाजिर भएमा,

**(५६) सजाय सम्बन्धी कार्यविधि :** (१) नगर प्रहरी कर्मचारीलाई गरिने सजाय नगर कार्यापालिकाले तोकिदिएको अधिकारी मार्फत कार्यान्वयन गरिनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कुन कसुरमा कारवाही गर्न लागिएको सो कसुर उल्लेख गरी हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस कार्याविधी वमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई कारवाही गर्नु पर्नेभएमा कारवाही गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

(४) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्ने छैन ।

(५) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्धारा जाँचवुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत लाई बुझी कारण सहित आफ्नो प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(६) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा कार्यापालिकाको सिफारिसमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर

Scanned with CamScanner

प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ । तर यस्तो निलम्बनको अवधि ६ महिनाभन्दा बढी हुनेछैन

(७) उपदफा (६) बमोजिम निलम्बन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

(८) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्बित हुनेछ ।

तर निलम्बित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन ।

(५७) **सजायको आदेश दिने :** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्नभनि कार्यापालिकाले तोकिदिएको सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

(५८) **सेवाको अन्त गर्ने :** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यस कार्यविधीले तोकिदिए वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

(६०) **पुनरावेदनको कार्यविधि :** (१) कार्यविधीको ५८ नम्बर अन्तर्गत दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिन सक्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त आफुसंग भएको प्रमाण राखी पुनरावेदन गर्नुपर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ ।

(३) पुनरावेदन दिंदा कार्यकारी कार्यालय प्रमुख मार्फत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सचिव समक्ष पेश गर्नु पर्नेछ ।

(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दर्ता गरि सक्नु पर्नेछ ।

(५) पुनरावेदन गरेको तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

(६१) **नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने :** कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मितिसम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउने भए तलब बृद्धिसमेत निजले पाउनेछ ।

(६२) **अशक्तताको निर्धाण:** कुनै नगर प्रहरी कर्मचारको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिंदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्ने अधिकार नगर कार्यापालिकाद्वारा गठित समितीलाई मात्र हुनेछ ।

Scanned with CamScanner

(६३) **उपचार खर्च :** (१) कुनै नगर प्रहरी कर्मचारी नियमित कार्यसम्पादनको सिलसिलामा विरामी भएमा औषधि उपचारको लागि देहाय वमोजिम भएको खर्चको रकम नगरपालिकाले उपचार खर्चवापत दिनेछ-

क) अस्पताल भर्ना भई वा नभई उपचार गराउँदा लागेको अस्पतालको विल वमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदान सहितको प्रेशक्रिषन वमोजिम खरिद गरेको औषधि खर्च ।

ख) प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होममा गरेको चिरफार (सर्जिकल अपरेशन) बाहेक सबै किसिमको चिरफार गर्दा लागेको विल वमोजिमको खर्च ।

ग) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामागई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको विरामी र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्चवापत निज विरामी नगर प्रहरी कर्मचारीको नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(२) कार्यविधिको उपवुँदा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारीको नोकरी अवधिभरमा स्थायी नगर प्रहरी कर्मचारीहरुले अधिकृत स्तरको भए १२ महिना र सो भन्दा मुनिको पदको लागि १८ महिना वरावरको तलव रकमसम्म मात्र उपचार खर्च दिइनेछ ।

(३) यस नियमवमोजिम पाउने उपचार खर्च कुनै नगर प्रहरी कर्मचारीले पेश्कीको रुपमा लिन चाहेमा कारण मनासिव देखिए कार्यविधिको उपवँदा (२) को अधिनमा रही पछि हिसाव बुझाउने गरी पेश्की दिन सक्नेछ

(४) झुट्टा व्यहोरा पेश गरी नियम वमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारी उपर विभागीय कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकमसमेत त्यस्तो नगर प्रहरी कर्मचारीवाट असुलगरि सेवावाट समेत वर्खास्त गरिनेछ ।

## परिच्छेद ९
## तलव, भत्ता

(६४) **तलव भत्ता :** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा भएको मितिदेखि तलव भत्ता पाउने छ । तलव भत्ता नगर कार्यपालिकाले तोके अनुसार हुनेछ ।

(६५) **तलव वृद्धि :** देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पुरा गरेपछि मात्र नेपाल सरकारको नियम वमोजिमको ग्रेड वृद्धि पाउनेछ ।

(क) परीक्षणकाल,

Scanned with CamScanner

(ख) तलब वृद्धि रोक्का । तर नियुक्ति सदर भएपछि नगर प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधिसमेत तलब वृद्धिको निमित्त जोडिने छ ।

(ग) कार्यालयमा गैर-हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलब भत्ता पाउने छैन ।

## परिच्छेद १०
## निमित्त

**(६६) निमित्त भई काम गर्ने व्यवस्था :** (१) एक महिना ननाध्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

**(६७) एक पदमा एक व्यक्तिमात्र कामय मुकाय वा कार्यवाहक हुने :** कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

**(६८) काम गरेको अवधिको तलब भत्ता :** (१) कुनै पदमा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ । तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र राशन दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरे सरहमानी तलब भत्ता र राशन दिइने छ ।

## परिच्छेद ११
## तालिम र पोषाक

**(६९) तालिमको व्यवस्था :** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन नगरपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

**(७०) तालिम संचालन हुने स्थान :** नगरपालिकाले तोकिएको स्थानमा तालिम संचालन हुनेछ ।

**(७१) तालिमको अवधि :** नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि प्रचलित मापदण्डका आधारमा नगरपालिकाले तोकेको पाठयक्रम अनुसार हुनेछ ।

**(७२) तालिमको अनिवार्यता :** (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तोकिएको मापदण्ड अनुरुप तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा

Scanned with CamScanner

सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

(७३) **तालिमको पाठ्यक्रम :** नगर प्रहरीहरुको बिभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगरपालिकाले समितीको गठन गर्नेछ ।

(७४) **तालिम सफल भएमा :** देहाय तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :

(क) नगर प्रहरी अधिकृत (आधारभूत) तालिममा सफल भएका र परीक्षण कालमा रहेका अधिकृतहरु करारमा नियूक्तीका लागि सामान्यतया योग्य हुनेछन ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा करार सेवामा नियुक्तिको लागि योग्य हुनेछन ।

(७५) **समिति गठन हुने :** कार्यविधिको ७४ र ७५ मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न कार्यापालिकाले तोकिदिएको प्रमुख प्रशासकीय अधिकृत सम्मिलित एक समिति गठन हुनेछ । त्यस समितिले गरेको ठहरवमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ र उक्त निर्णय कार्यापालिकाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(७६) **प्रारम्भिक पोशाक :** (१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुको नगर प्रहरी पोशाक कार्यपालिकाले तोकिदिए बमोजिम दिनेछ ।

(७७) **तालिममा सामेल गराउने संख्या :** नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी तालिम लिन नगर प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरु तोकिनेछ ।

(७८) **प्रशिक्षण भत्ता :** नगर प्रहरी कर्मचारीहरुका प्रशिक्षकलाई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ । अतिथि प्रशिक्षकहरुको पारिश्रमिक नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

(७९) **नगर प्रहरी पोशाक :** नगर प्रहरीको पोशाकको रंग र किसिम्म र दर्ज्याती चिन्हको विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(८०) **पोशाक र सामान :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

(८१) **नगर प्रहरीको पोशाक सोध भर्नाः** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सट्टा गरी नयाँ पोषाक दिइनेछ ।

## परिच्छेद १३

### बिज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियूक्ति सम्बन्धि व्यवस्था

(८२) **बिज्ञापन सम्बन्धि व्यवस्था :** समितीले नगर प्रहरी पदपुर्तीको लागी बिज्ञापन गर्नुपर्दा अनुसुची-१ बमोजिमको ढाँचामा तयारगरि नगरपालिकाको स्थानिय दैनिक पत्रिक, सुचना पाटी, वेभसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा १५(पन्ध्र) दिनको म्याद सहितको सुचना प्रकाशन गर्नुपर्नेछ ।

(८३) **दरखास्त फारम र प्रवेश पत्र सम्बन्धि व्यवस्था :** प्रकाशित बिज्ञापन बमोजिम उम्मेद्वारहरुले अनुसुची-२ बमोजिमको दरखास्त फारमभरि कार्यालयमा बुझाउँनु पर्नेछ । दरखास्त फारम भर्ने उम्मेद्वार समावेशी समुह तर्फबाट भए कुन समुहको हो सो जनाई फारम भर्नुपर्नेछ । खुल्ला र समावेशी तर्फ दुवैमा दरखास्त फारम भर्न चाहने उम्मेद्वारले भने छुट्टा छुट्टै फारम भर्नु पर्नेछ । पदपुर्ती समितीले बिज्ञापनमा निर्धारण गरेको दस्तुर सहित बिज्ञापनमा उल्लेख भएको म याद भित्र उम्मेद्वारले दरखास्त फारम बुझाउनु पर्नेछ । दरखास्त फारम स्वीकृत भएपछि उम्मेद्वारले अनुसुची-३ बमोजिमको प्रवेश पत्र प्राप्त गर्नेछ ।

(८४) **नतिजा प्रकाशन :** समितीले योग्यताक्रम निर्धारणगरि सोही बमोजिम सुचिकृतगरि छनौट भएको नतिजा स्थानिय दैनिक पत्रिका, नगरपालिकाको सुँचना पाटी, वेभसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा बैकल्पिक उम्मेद्वार सहितको बिज्ञापनमा मागगरिएको पद संख्याको दोब्बर संख्यामा गुर्नपर्नेछ ।

(८५) **सम्झौता :** दफा ८४ बमोजिमको कार्य सम्पन्न भए पश्चात पदपुर्ति समितीले नियूक्तिको लागी कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ । सिफारिस भई आएका नगर प्रहरीलाई नगर कार्यपालिकाले अनुसुची-४ बमोजिमको सम्झौतागरि करारमा नियूक्तीका लागी सम्बन्धित अधिकृतलाई जिम्मा दिनेछ ।

## परिच्छेद १३

### विविध

(८६) **विभागीय आदेश र निर्देशन :** ऐन र यस कार्यविधिको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले कार्यपालिका र कार्यकारी अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय,

(ख) मातहतको नगर प्रहरी कोर्यालयलाई नियन्त्रण र संचालन गर्ने विषय,

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय,

(घ) नियममा उल्लेख भएका कुराहरु कार्यान्वयन गर्ने विषय,

(ङ) विभागीय अनुशासन सम्बन्धी विषय,

(८७) **पुरस्कार**: देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कारकालागी नगर कार्यपालिकामा सिफारिस गर्न सक्नेछन् ।

(८४) **चाडपर्व खर्च पाउने** : नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

(८८) **बाधा अड्काउ फुकाऊः** नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा पथरीशनिश्चरे नगरपालिकाको करारमा कर्मचारी नियूक्त गर्ने कार्यविधी र अन्य प्रचशिल नेपाल कानून बमोजिम हुनेछ ।

(८९) **कार्यविधि संशोधनः** यस कार्यविधिमा संशोधन आवश्यक देखिए पथरीशनिश्चरे नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ८२ संग सम्बन्धित विज्ञापनको ढाँचा)

# पथरीशनिश्चरे नगरपालिका

## नगर कार्यपालिकाकोको कार्यालय

पथरी, मोरङ्ग

प्रदेश नं.१, नेपाल

## नगर प्रहरी सेवा करारमा लिने सम्बन्धि सूचना

(प्रकाशन मिती :.................)

पथरीशनिश्चरे नगरपालिकाको प्रशासन शाखा अर्न्तगत रहनेगरि देहायको पद,संख्या र योग्यता भएका नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्राप्त भएको मितीकाले १५(पन्ध्र) दिन भित्र दिनको २:०० बजे सम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागी यो सुचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाको शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा नगरपालिकाको वेभसाईट www.patharisanischaremun.gov.np बाट उपलब्ध हुनेछ ।

१.

| पदको नाम | संख्या |
|---|---|
| | |
| | |
| | |

२. योग्यता

क. नगर प्रहरी सहायक निरिक्षकको लागी:

(अ) दरखास्त आव्हान भएका अन्तिम म्याद सम्ममा घटिमा १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको वा पुर्व जनपथ र शसस्त्र प्रहरी वा नेपाली सेनावाट अवकाश प्राप्तहरुको हकमा आवेदन गरेको मितीमा ४० वर्ष ननाघेको ।

(आ) मान्यता प्राप्त शैक्षिक संस्थावाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको

(ई) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

(उ) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण-पत्र ।

(ऊ) सम्वन्धित ईलाका प्रहरी कार्यालयवाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

(ऋ) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ए) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

ख. नगर प्रहरी हवल्दारका लागी :

(अ) नेपाली नागरिक भएको ।

(आ) मान्यता प्राप्त शैक्षिक संस्थावाट SEE तह वा सो सरह उत्तीर्ण गरेको ।

(ई) दरखास्त आव्हान भएका अन्तिम म्याद सम्ममा घटिमा उमेर १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको वा पुर्व जनपथ र शसस्त्र प्रहरी वा नेपाली सेनावाट अवकाश प्राप्तहरुको हकमा आवेदन गरेको मितीमा ४० वर्ष ननाघेको ।

(उ) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

Scanned with CamScanner

(ऊ) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण-पत्र ।
(ए) सम्बन्धित ईलाका प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।
(ऐ) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको

(ग) नगर प्रहरी जवानको लागि

(अ) नेपाली नागरिक भएको ।
(आ). मान्यता प्राप्त शैक्षिक संस्थावाट आधारभूत तह शिक्षा वा सो सरह उत्तीर्ण गरेको ।
(इ) उमेर १८ वर्ष पुरा भई २३ वर्ष ननाघेको वा पुर्व जनपथ र शसस्त्र प्रहरी वा नेपाली सेनावाट अवकाश प्राप्तहरुको हकमा आवेदन गरेको मितीमा ४० वर्ष ननाघेको ।
(ई) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
(उ) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण-पत्र ।
(ऊ) सम्बन्धित ईलाका प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।
(ए) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।

३. **दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेद्वारको ब्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ । पूर्व नेपाली सेना, सशत्र प्रहरी वल र जनपद प्रहरी सम्वन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त संगै बुझाउनु पर्नेछ ।
४. **परिक्षाको किसिम:** शारीरिक परिक्षण, लिखित र अन्तरवार्ता ।
५. **परिक्षा केन्द्र:** नगरपालिकाले तोके बमोजिम हुने ।
६. **दरखास्त दस्तुर:** पदपूर्ति समितीले निर्धारण गरे बमोजिम हुने ।

अनुसुची-१
(दफा ८३ संग सम्वन्धित विज्ञापनको ढाँचा)

# पथरीशनिश्चरे नगरपालिका

## नगर कार्यपालिकाकोको कार्यालय

पथरी, मोरङ्ग
प्रदेश नं.१, नेपाल,

## नगर प्रहरी करारं सेवाकालागी दरखास्त फारम

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो

दरखास्त दिनेको नाम:
विज्ञापन नम्बर:
फारम पेश गरेको कार्यालय:

(क) वैकल्पिक विवरण

| | | | | |
|---|---|---|---|---|
| वैकल्पिक विवरण | नाम थर | (देवनागरीमा) .................................... | | |
| | | (अंग्रेजी ठुलो अक्षरमा) .................................... | | |
| | नागरिकता नम्वर : .................................... | | | लिङ्ग |
| | | | जारीगर्ने जिल्ला | जारी मिती : |
| स्थाई ठेगाना | (क) जिल्ला | (ख) न.पा. | वडा नं. | |
| | (घ) टोल | (ङ) मार्ग/घर नं. | (च) फोन नं./मोवाईल नं. | |
| पत्रचार गर्ने ठेगाना : | | | ईमेल : | |
| वावुको नाम,थर : | | जन्म मिती : (वि.स.मा) | | |
| | | ईस्वी सम्वत्‌मा : | | |
| बाजेको नाम, थर | | हालको उमेर: वर्ष: महिना: | | |

शैक्षिक योग्यता/तालिम

(दरखात फारममा भरेको पदकोलागी चाहिने आवश्यक न्यूनतम् शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम् योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

अनुभव सम्बन्धि व्यवस्था:

| कार्यालय | पद | सेवा/समुह/उपसमुह | श्रेणी /तह | स्थाई/अस्थाई/करार | अवधी | |
|---|---|---|---|---|---|---|
| | | | | | देखी | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

म आवेदकले यस दरखास्तमा बुझाएको सम्पूर्ण विवरणहरु सत्य साँचो छ । दरखास्त बुझाएको पदको सूचनाको लागी अयोग्य ठहरिने गरि कुनै सजाय पाएको छैन । यस दरखास्तमा पेश गरेको विवरणहरु झुठा साबित भए कानून बमोजिम सहुँला बुझाउँला । उम्मेद्वारको हैसियतले पालना गर्नुपर्ने भनी प्रचलित कानून तथा आवेदनमा उल्लेखित सबै नियम तथा शर्तहरुको पालना गर्न मञ्जुर गर्दछु । साथै सम्झौतामा उल्लेखित सबै शर्तहरुको पालना र सम्झौताको समय भन्दा अगावै करारको अन्त्य गर्दा कम्तीमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेद्वारको नाम | | उम्मेद्वारको दस्तखत र मिती |
|---|---|---|
| [illegible] | [illegible] | |
| | | |

| | |
|---|---|
| कार्यालयले भर्ने | |
| रसिद/भौचर नं : | रोल नं. |
| दरखास्त अस्वीकृत भए सो को कारण : | |
| दरखास्त रुजु गर्ने नाम र दस्तखत | |

अनुसूची-३

(दफा ८३ सँग सम्बन्धित प्रवेश पत्रको ढाँचा)

# पथरीशनिश्चरे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय पथरी,

मोरङ्ग, प्रदेश नं १, नेपाल

## नगर प्रहरी परीक्षा प्रवेशपत्र

(.................................................... पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि)

(क) विज्ञापन मिति :-

(ख) विज्ञापन नं. :-

(ग) दर्ता, नम्वर :-

(घ) नाम,थर र ठेगाना :-

(ङ) उमेर :-

(च) श्रेणी, तह :-

(छ) उम्मेदवारको दस्तखत नमूना :-

**भर्ना छनौट शाखाका सम्बन्धित कर्मचारीले भर्ने :-**

यस कार्यालयब्राट लिईने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिईएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनसक्ने छ ।

परीक्षा केन्द्र :-

..............................

अधिकृतको दस्तखत र मिति

Scanned with CamScanner

अनुसूची -४
(दफा ८४सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

# पथरीशनिश्चरे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय पथरी,
मोरङ्ग प्रदेश नं १, नेपाल

## करार सम्झौता

पथरीशनिश्चरे नगर कार्यपालिकाको कार्यालय (यसपछि यस सम्झौतामा प्रथम पक्ष भनि सम्बोधन गरिएको) र जिल्ला ...................... ................................... नगरपालिका/गाउँपालिका वडा नं .......बस्ने श्री ................................................... (यसपछि यस सम्झौतामा दोश्रो पक्ष भनि सम्वोधन गरिएको) का बीच पथरीशनिश्चरे नगरपालिकाको नगर प्रहरी को कामकाज गर्न गराउन मिति २०७...।.....।.....को निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलव्ध गराउन मन्जुर भएकाले यो करार संझौता गरी एक/एक प्रति आपसमा वुझि लियौं दियौं :

(१) **कामकाज सम्बन्धमा :** दोस्रो पक्षले आफूलाई तोकिएको जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप कार्य समेत गर्नु पर्नेछ।

(२) **उपलब्ध काम गर्नुपर्ने स्थान :** पथरीशनिश्चरे नगरपालिकाको भौगोलिक क्षेत्रभित्रं।

(३) **करारमा काम गरे वापत पाँउने पारिश्रमिक तथा सेवा सुविधा :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु.....................(अक्षरेपी रु............................................) पारिश्रमिक उपलव्ध गराउनेछ। सेवा सुविधाको हकमा भने नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(४) **आचरणको पालना :** दोश्रो पक्षले पथरीशनिश्चरे नगरपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ।

(५) **विदा :** सेवा करारमा नियुक्त नगर प्रहरीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन। कामको अनुकुल हेरी विदा दिने अधिकारीले आवश्यक्ताका आधारमा विदा दिन अथवा नदिन पनि सक्नेछ। साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। अन्य विदाको हकमा भने कार्यपालिकाले तोके वमोजिम हुनुपर्नेछ।

(६) **कार्यालय सम्पत्तिको सुरक्षा :** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको विगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

(७) **गोप्यता :** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारवाट हटाई सोवाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षवाट भराईनेछ र कालो सूचीमा समेत राखि कानून वमोजिम कारवाही गरिनेछ।

(८) **करार अवधि :** यो करार २०७....।.....।.....देखि लागू भई २०७....असार मसान्त सम्मको लागि हुनेछ।

(९) **कार्यसम्पादन मूल्यांकन :** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा १० बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ।

(११) **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य :** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा वढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा वढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन। दोश्रो पक्षले शारिरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले

सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लंघन गरेमा पहिलो पक्षले करार सम्झौता रद्द गर्न सक्नेछ र त्यसको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

(१२) दाबी नपुग्ने : दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाउने छैन र गर्ने छैन ।

(१३) प्रचलित कानून लागू हुने : यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

पृथ्वीनारायण नगरपालिकाको तर्फबाट :
हस्ताक्षर :
नाम
पद
मिति

दोस्रो पक्ष (करार गर्ने व्यक्ति)
हस्ताक्षर :
नाम
ठेगाना
मिति

कार्यालयको छाप